# कोशी गाउँपालिकाको आ व २०७९।०८० को वार्षिक बजेट नीति तथा कार्यक्रम

२०७९।०३।०६

श्री अध्यक्ष ज्यू
प्रमुख अतिथि ......................................ज्यू,
मञ्चमा आशिन विशिष्ट अतिथि एंव अतिथिगणहरु
श्री गाउँसभा सदस्यज्यूहरु,
श्री राजनीतिकदलका प्रतिनिधिज्यूहरु,
गाउँसभाका सचिव लगायत राष्ट्रसेवक सम्पूर्ण कर्मचारीहरु
संचारकर्मी एंव सभामा उपस्थित महानुभावहरु ।

१. आर्थिक वर्ष २०७९।०८० को वार्षिक बजेट नीति तथा कार्यक्रम प्रस्तुत हुने सम्मानित दशौं गाउँ सभाको बैठकमा उपस्थित गाउँ सभाका सदस्य ज्यूहरु राष्ट्रसेवक कर्मचारीहरु संचारकर्मी लगायत सम्पूर्ण उपस्थित महानुभावहरुमा गाउँपालिका र स्वयं आफ्नो तर्फबाट यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दै न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु ।

२. यो गरिमामय सभामा सर्वप्रथम म नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नुहुने शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै ति आन्दोलनहरुमा नेतृत्व गर्नुहुने अग्रज तथा साथ र सहयोग गरि योगदान दिनुहुने समस्त नेपाली दाजुभाई दिदीबहिनीहरुमा हार्दिक सम्मान प्रकट गर्दछु ।

३. भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचन-२०७९ मा विभिन्न राजनीतिक दलका तर्फबाट उम्मेदवार भई कोशी गाउँपालिकामा निर्वाचित हुनुहुने सम्पूर्ण जनप्रतिनिधिहरुलाई हार्दिक बधाई छ । साथै कार्यकालको पूर्ण सफलताको कामना गर्दछु । नवनिर्वाचित जनप्रतिनिधिहरुको लागि पहिलो गाउँ सभा हो भने गाउँपालिका गठन भए देखि यो दशौं गाउँ सभा हो ।

४. दक्षिण पूर्वी एशियाका अधिकांश मुलुकमा देखिएको बढ्दो आर्थिक संकट र बेरोजगारीको असरबाट हामी नराम्ररी प्रभावित भइरहेका छौं । यस चुनौतीपूर्ण परिस्थितीको सामना गर्दै कोशी गाउँबासी जनताको शान्ति सुरक्षा र समृद्धिका लागि ,हामीले चाल्ने विकासको कदम र समृद्धिको यात्रालाई गतिशिल तुल्याउन सकिन्छ भन्ने आत्माविश्वासका साथ म आर्थिक वर्ष २०७९।०८०, ,को वार्षिक बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

५. महामानव विशेश्वर प्रसाद कोइरालाको भनाई छ -**जहिले पनि मुलुकको लागि योजना निर्माण गर्दा गाउँको गरिब किसानको तस्विर अगाडि राखेर निर्माण गर्नु** । आर्थिक संकट,मूल्य वृद्धि , र बेरोजगारीको यो विषम परिस्थितिमा महामानव विश्वेवर प्रसाद कोइरालाको यो महत्वपूर्ण भनाईलाईमनन गर्दै यो बजेट नीति तथा कार्यक्रम तय गरिएको छ । सर्वप्रथम म हाम्रो उद्देश्य ,लक्ष्यका तुलनामा चालु वर्षमा कोशी गाउँपालिकाले प्राप्त गरेका उपलब्धी तथा वर्तमान अवस्थाका सन्दर्भमा संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु ।

६. चालु आर्थिक वर्षको लागि गाउँ सभामा सामाजि सुरक्षा बाहेक रु.४८ करोड २ लाख ७३ हजारको बजेट प्रस्तुत गरिएको थियो । आर्थिक वर्ष प्रारम्भ भइसकेपछि बिचमा प्राप्त भएको अल्या रकम र विशेष अनुदान सहित कूल बजेट ५४ करोड ७० लाख ७७ हजार हुन गयो ।जसमध्ये २०७९ जेठ मसान्त सम्ममा जम्मा रु. ४७ करोड ५६ लाख ४९ हजार गाउँपालिकाको सञ्चित कोष खातामा निकाशा प्राप्त भएको छ । प्राप्त निकाशा मध्ये जेठ मसान्त सम्ममा ३१ करोड ५० लाख ५२ हजार खर्च भएको छ । जुन कूल बजेटको ५७ दशमलव ५९ प्रतिशत हो । कूल खर्चमा चालू खर्च २२ करोड ४८ लाख ३९ हजार (७१ प्रतिशत) र पूँजिगत खर्च ९ करोड २ लाख १३ हजार (२९ प्रतिशत) भएको छ ।

७. चालु आर्थिक वर्षको मुख्य प्रगति हेर्दा भौतिक पुर्वाधार तर्फ ३७.२ किलोमिटर सडक कालोपत्रे गर्ने ठेक्का लागेको छ । त्यसै गरि आरसिसी नाला निर्माण २.८ किलोमिटर, २० वटा दिनाभद्रि थान निर्माण र लौकही बजारको भगवति मन्दिर निर्माणको ठेक्का लागेको छ ।

८. ५ वटा २ कोठे विद्यालय/मदरसा भवन निर्माणको ठेक्का भएको छ ।

९. विद्यालय तथा मदर्शाको लागि ४०० थान डेस्क बेन्च तयारी गर्न ठेक्का भएको छ । जसमध्ये२०० थान विभिन्न विद्यालय मदरसालाई वितरण भइसकेको छ।

१०. कोशी गाउँपालिकाको विभिन्न कब्रिस्तान र आर्यघाट घेराबेराको ठेक्का भइसकेको छ ।जसमध्ये कोशी-३ स्थित ठुलो कब्रिस्तानको कार्य शुरु भइसकेको छ ।

११. कोशी टप्पुबाट पटक पटक भईरहेको जंगली जनावर हाती तथा अर्ना लगायत जनावरबाट जनतालाई सुरक्षित राख्न जनजागरण अभियान सञ्चालन गरिएको छ । साथै सरोकारवाला संघीय सरकार प्रधानमन्त्री कार्यालयमा जनता संरक्षण तथा दिगो समाधानका निम्ती नाली सहितको RCC Trench निर्माणका लागि पहल भइरहेको छ ।

१२. कोशी टप्पु वन्य जन्तु आरक्षलाई निकुञ्जमा परिणत गर्ने कार्यका लागि संघीय सरकार समक्ष पहल भइरहेको छ ।

१३. जमुवा कुम्याही सडक खण्डका लागि संघीय सरकारबाट २ रोडको बजेट उपलब्ध हुने जानकारी प्राप्त भएको छ ।

१४. राष्ट्रिय मावि सोभनपुरको शैक्षिक भवन निर्माणका लागि सङ्घीय सरकारबाट २ करोडको बजेट प्राप्त भएको छ ।

१५. पालिका भरीको बाँकी रहेको स्थानमा पोलबत्ति जडान गर्नका लागि संघीय सरकारको तराई मधेश समृद्धि कार्यक्रमबाट ४० लाख बजेट प्राप्त हुने भएको छ ।

१६. विपद व्यवस्थापनका लागि प्रदेश सरकारको सहयोगमा कोशी गाउँपालिका, भोक्राहा नरसिंह गाउँपालिका र बराहक्षेत्र नगरपालिकालाई लक्ष्यित गरी कोशी गा.पा.-१ स्थित लौकहीमा एकिकृत विपद् व्यवस्थापन केन्द्र निर्माण कार्य शुरु भएको छ । जसका लागि प्रदेश सरकारबाट ६६ लाख साझेदारी रकम प्राप्त भएको छ ।

आदरणीय महानुभावहरु,

आर्थिक संकट, बेरोजगारीबाट हुने आर्थिक क्षति न्यून गर्न र हालको विषम परिस्थितिलाई समान्य रुपमा ल्याउन प्रयत्न गर्दै **शिक्षित र समृद्ध कोशी** निर्माणका लागि अगामी आवको यो बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा **" सुरक्षित र समृद्ध कोशीको आधार , कृषि पर्यटन र दिगो पुर्वाधार"** हाम्रो दीर्घकालीन गन्तव्य सहितको आवधिक योजना, नेपालको संविधानको भावना, दिगो विकास लक्ष्यहरु, पञ्चवर्षिय योजनाले परिलक्षित गरेका मार्गदर्शन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको दिशा निर्देशन, संघीय सरकारको नीति तथा कार्यक्रम, प्रदेश नं. १ सरकारको वार्षिक नीति तथा कार्यक्रम, स्थानीय तहको स्वमुल्याङ्कनका लागि तय गरिएका सूचकहरु, जेसि अडिट रिपोर्ट, विषयगत समितिहरुबाट प्राप्त सिफारिश र हाम्रा कार्यपालिका सदस्यहरु र आम गाउँबासीहरुबाट प्राप्त सुझावहरुलाई नै प्रमुख आधार मानी तयार गरिएको हो । मिति २०७९ अषाढ ५ गते बसेको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत अगामी आ.व. २०७९।०८० को निम्नानुसार क्षेत्रगत नीति कार्यक्रम तथा बजेट संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## सार्वजनिक सेवा एवं सुशासन प्रर्वद्धनः

१. पालिकाको आफ्नै प्रशासनिक भवन निर्माण योजनालाई उच्च प्राथमिकताका साथ सञ्चालन गर्ने नीति लिएको छु । आवश्यकता अनुसार वडा कार्यालयहरुको भवन निर्माण गर्ने योजनाका लागि संघिय सरकारसँग समन्वय गरिनेछ । निशुल्क रुपमा उपलब्ध नभएको खण्डमा विभागिय सहमति प्राप्त गरी पालिका भवनका लागि आवश्यक जग्गा अधिग्रहण गर्ने नीति लिएको छु ।

२. महिनामा एक पटक 'जनतासँग अध्यक्ष'कार्यक्रम आगामी आबमा पनि कायमै राखिएको छ । यो कार्यक्रम ८ वटै वडामा र आबस्यकता अनुसार प्रत्येक टोलमा पनि जनताले आफ्नो पिर मर्का तथा गुनासो राख्ने सार्बजनिक सुनवाईका रुपमा संचालन गरिनेछ ।

३. वडा कार्यालयहरुबाट प्रबाह हुने सेवामा सर्वसाधारण जनताको पहुँच बृद्धि गरि सेवा प्रबाहलाई प्रभावकारी बनाउदै वडा कार्यालयहरुलाई प्रविधि मैत्री बनाउने र वडा कार्यालयहरुको पूर्वाधार विकास गर्ने नीति लिईनेछ ।

४. पालिका तथा अन्तर्गतका कार्यालयहरुबाट प्रवाह हुने सेवा प्रभावकारी र गुणस्तरीय रुपमा प्रदान गर्नका लागि आर्थिक वर्षको शुरुमै जनशक्ति व्यवस्थापन कार्यलाई प्राथमिकता दिने नीति लिएको छु । विस्तार गरिएका स्वास्थ्य संस्थाहरुमा जनशक्ति व्यवस्थापनका लागि प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ । पालिकाबाट करार सेवामा लिईएका अहेव वा सो सरहका कर्मचारीहरु र का.स.हरुको म्याद थप गरिनेछैन । तत्काल जनशक्ति उपलब्ध नभएमा विषयगत समितिको सिफारिशमा अति आवश्यक स्थानका लागि मात्र भर्ना गरिनेछ । पालिकामा खटाइएको का.स.हरुको करार म्याद थप नगर्ने नीति लिएको छु ।

५. सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन पालिकाले आफ्नै सार्वजनिक सुनुवाई , सामाजिक परीक्षण नीति र कार्यविधि निर्माण गरी लागु गर्ने नीति लिएको छु ।

६. पालिकाले सञ्चार नीति र कार्यविधि तयार गरि लागु गर्ने नीति लिएको छु । पालिकाबाट प्रकाशित गर्नुपर्ने सूचना सम्प्रेशनको लागि आर्थिक वर्षको शुरुमै दररेट निर्धारण गरी प्रतिस्पर्धाको माध्यमबाट सञ्चार संस्थाको छनौट गरिनेछ ।

७. पालिका, वडा कार्यालय र मातहतका कार्यालयहरुले प्रदान गरेका सेवाहरुको बारेमा उपभोक्ताहरुको सन्तुष्टिको तह, उपभोक्ताको दृष्टिकोण र धारणा पहिचान गरी उपभोक्ताहरुलालाई सन्तुष्ट हुनेगरी सेवा प्रवाह गर्नका लागि उपभोक्ता सन्तुष्टि सर्वेक्षण गरी सोको व्यवहारिक रुपमा कार्यान्वयन गरिने छ ।

८. गाउँपालिकाको अधिकारीक वेवसाईटलाई नियमित अपडेट गरि नागरीकलाई प्रबाह गर्ने सेवालाई सुचना प्रविधिमा अधारित बनाउन अभिप्रेरित गरिनेछ ।

९. सुचना पहुच वृद्धि गर्न गाउँपालिकामा जनप्रतिनिधी र कर्मचारीहरुलाई सुचना प्रविधि संग सम्बन्धित तालिम कार्यक्रम संचालन गरिनेछ ।

१०. आर्थिक बर्षको अन्त्यमा गाउँपालिकाबाट सम्पादित गरिएका सम्पुर्ण गतिविधिहरुलाई वृत्तचित्र बनाई प्रशारणगर्ने गराउने व्यवस्था मिलाईनेछ ।

आर्थिक विकासः

कृषि पशु

१. समृद्ध कोशी निर्माणको अभियानमा हाम्रो प्रमुख आधारको रुपमा साबित भएको कृषि क्षेत्रको विकासलाई मूख्य प्राथमिकतामा राखि बजेट तथा कार्यक्रम निर्माण गरिनेछ ।

२. कृषि प्राविधिकलाई प्रत्येक कृषकको पँहुचमा रहने व्यवस्था मिलाइनेछ । परम्परागत रुपमा खेति गर्ने किसानहरुलाई कृषि समुह, कृषि फर्म दर्ता गरि खेति गर्न प्रोत्साहित गरिनेछ । त्यसका लागि सहजिकरण गर्न कृषि शाखालाई टोलटोलमा परिचालित गरिनेछ । कृषि शाखामा दरबन्दि अनुसारको कृषि प्राविधिक अविलम्ब पदपुर्ति गर्ने/गराउने व्यवस्था मिलाइनेछ ।

३. कृषकलाई प्रभावकारी सेवा दिनका लागि कृषि शाखालाई अझ व्यवस्थित गरिनेछ ।

४. कोशी बाढीबाट बालुवामा परिणत भएको जग्गालाई उर्बर खेति योग्य बनाउनका लागि गाउँपालिकाद्वारा योजनाहरु निर्माण गरि कृषक मार्फत लागु गरिनेछ । कृषि कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि गाउँपालिका स्तरीय भू उपयोग नीति निर्माण गरि कार्यान्वयन गरिनेछ।

५. **अध्यक्ष कृषि आधुनीकिकरण कार्यक्रम**लाई पालिकाकै गौरवको परियोजनाका रुपमा निरन्तरता दिइनेछ । अध्यक्ष कृषि आधुनिकिकरण कार्यक्रमको दायरा अझ फराकिलो बनाई कृषि योजना तथा कार्यक्रमहरु एकिकृत रुपमा कार्यान्वयन गरिनेछ ।

६. अध्यक्ष कृषि आधुनिकीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि कार्यक्रम सञ्चालन निर्देशिका बनाई लागु गरिनेछ ।

७. संघ, प्रदेश तथा अन्य निकायबाट सञ्चालन हुने कृषि पशु सम्बन्धि योजना कार्यक्रमहरु गाउँपालिकासँग समन्वय गरी सञ्चालन गर्न/गराउनका लागि आवश्यक पहल गरिनेछ ।

८. संघ, प्रदेश अन्तर्गतका कार्यालयहरु र अन्य निकायबाट कृषि पशु सम्बन्धि अनुदान कार्यक्रमका लागि प्रकाशित हुने सूचनामा सर्वसाधारण किसानको पँहुच नभई लाभ लिनबाट बञ्चित भइरहेको गुनासाहरु पटक पटक सुनिएको छ । पालिका तथा अन्य सम्बन्धित निकायको कृषि पशु सम्बन्धि सूचना सर्व साधारणको पँहुचको लागि किसानहरुको बढि आवतजावत हुने उपयुक्त स्थानमा डिजिटल सूचना पाटी राख्ने कार्य गरिनेछ ।

९. कृषि विधुतिकरण योजनालाई विस्तार गरिनेछ । कृषि मिटरको प्रयोग बढाउनका लागि कृषि मिटरमा उठ्ने शुल्कमा पालिकाको तर्फबाट २५ देखि ५० प्रतिशत सम्म अनुदान Subsidy दिइनेछ ।

१०. साविकमा लौकही बजारमा लाग्दै आएको तरकारी थोक बजार विस्थापित हुँदा यहाँका किसानलाई ठुलो क्षति भएको छ । कोशी गाउँपालिका भरीमा एउटा दैनिक कृषि थोक बजारको लागि पालिकाद्वारा आवश्यक समन्वय र पहल गरिनेछ ।

११. पालिका तर्फबाट एउटा बिक्रि कक्ष स्थापना गरी किसानको कृषि उपज उचित मूल्यमा खरीद गर्ने बिक्रि वितरण गर्ने अवधारणा तर्फ काम गरिनेछ ।
१२. संघीय तथा प्रदेश सरकारबाट लागु हुने बालि बीमा कार्यक्रममा हाम्रो किसानहरुको पँहुच अभिवृद्धिका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
१३. मूख्य बालिहरुको बालि बिमा गर्ने कृषकलाई बीमा दस्तुरमा पालिका तर्फबाट अनुदान Subsidy प्रदान गरिनेछ ।
१४. किसान सुचिकृत कार्यक्रममा सबै किसानलाई समेट्ने गरी अभियान सञ्चालन गरिनेछ ।कृषि कार्यक्रम तथा सुविधा लिनका लागि किसान कार्डको प्रयोगलाई अनिवार्य गरिनेछ ।
१५. कृषि उपकरणमा शतप्रतिशत अनुदानलाई निरुत्साहित गरिनेछ ।हरेक अनुदानमा कृषकको साझेदारी अनिवार्य गरिनेछ ।
१६. माटोको उर्वरशक्तिलाई जोगाई राख्न रासायनीक मल तथा विषादिको प्रयोगलाई निरुत्साहीत गरी आर्गेनिक खेतीलाई प्रोत्साहन गरिनेछ ।
१७. विषाधि न्यूनिकरण गर्न कृषकको सचेतनाका लागि गाउँपालिकाका विभिन्न क्षेत्रमा कृषक पाठशाला संचालन गरिनेछ
१८. व्यावसायिक रुपमा भैंसी पालक किसान रहेको क्षेत्रलाई भैंसी जोनको रुपमा विकास गर्नेनीति लाई निरन्तरता दिएको छु ।भैंसी जोन विकासका लागि विशेष प्रोत्साहनका कार्यक्रमहरु ल्याइनेछ ।
१९. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण एवं प्रतिस्पर्धात्मक बनाई आधुनिक व्यवसायिक कृषि प्रणालिमा रुपान्तरण गर्न जोड दिइनेछ ।
२०. कृषकहरुलाई आवश्यक्ता अनुसार व्यवसायिक कृषि तालिमको लागि विशेष जोड दिईनेछ ।
२१. उपभोक्ता अधिकार सुनिश्चित गर्नका लागि उपभोग्यबस्तु गुणस्तर सम्बन्धि जनचेतना अभिवृद्धि गराउने र नियमित बजार अनुगमन तथा नियमन प्रणालिको विकास गरिनेछ ।
२२. कृषकलाई समयमा मल खाद उपलब्ध नहुनु मुलुककै समस्याको रुपमा देखिएको छ। पालिका क्षेत्रमा खाद मलको अधिकृत विक्रेता कृषि सहकारी तथा समुहलाई बढी भन्दा बढी कोटा दिलाउनका लागि सम्बन्धित निकायसँग पहल गरिनेछ ।
२३. पालिका क्षेत्रको खाद मलका डिलरहरुलाई व्यक्ति अनुसार कोटा निर्धारण गर्ने विधि नभई खेति अनुसारको परिमाणमा कृषकलाई मल खाद उपलब्ध गराउन व्यवस्था मिलाइनेछ ।
२४. कोशी गाउँपालिकालाई माछा जोनको रुपमा विकास गर्न संघीय तथा प्रादेशिक कार्यालयहरु सँग समन्वय र सहकार्य गरिनेछ ।
२५. पालिका क्षेत्रको माछा पोखरीहरुको व्यवस्थित अभिलेख तयार गरिनेछ ।
२६. माछा किसानलाई व्यावसायीक रुपले माछापालन गर्नका लागि प्रोत्साहन हुने विशेष कार्यक्रमहरु सञ्चालन गर्न बजेट विनियोजन गरिनेछ ।

२७. माछाको उत्पाद्कत्व बढाउनका लागि व्यावसायिक परामर्श दिने कार्यलाई व्यापक रुपमा सञ्चालन गरिनेछ ।

२८. पालिका क्षेत्रमा परम्परागत रुपमा पशुपालन गर्ने कृषकहरुलाई क्रमश व्यावसायीक बनाउनका लागि प्रोत्साहित गरिनेछ ।

२९. पशुपालक किसानहरुलाई व्यावसाय दर्ता बजारीकरण ,व्यावसायीक योजना निर्माण ,लगायत विषयमा उद्यमशिलता विकास तालिम प्रदान गरिनेछ ।

३०. पशु शाखामा दरबन्दि अनुसारको प्राविधिक जनशक्ति पदपुर्ति गर्न गराउन तदारुकताका साथ व्यवस्था मिलाइनेछ । नियमित रुपमा टोल टोलमा पशु प्राविधिकबाट घुम्ती सेवा सञ्चालन गरिनेछ ।

३१. संघीय र प्रादेशिक कार्यालय सँग आवश्यक समन्वय गरी अरु निकायबाट सञ्चालन नहुने खोप कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुनका लागि बजेट विनियोजन गरिनेछ ।

३२. पशु सेवा शाखाबाट उपलब्ध हुने औषधीको सूची तयार गरी सार्वजनिक गरिनेछ । उक्त औषधी खरीदका लागि बजेट विनियोजन गरिनेछ ।

३३. स्वस्थ्य, स्वच्छ मासुको विक्रि वितरण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी तुल्याईनेछ ।

३४. दुग्ध व्यवसायलाई फस्टाउनका लागि निजी डेरीसँग समन्वय गरी उचित मुल्यमा दुग्ध संकलन गर्ने व्यवस्था मिलाइनेछ ।

**उद्यम विकास**

१. समृद्ध कोशीको नारालाई साकार पार्नका लागि स्वरोजगारी र आत्मनिर्भरता नै उत्तम आधार हो । उद्यमशिलता तालिम मार्फत बेरोजगार व्यक्तिहरुलाई अन्तरमनबाट उद्यम गर्न प्रोत्साहित गर्ने अवधारणा अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।

२. आत्मनिर्भरता सहितको समृद्ध पालिका निर्माणका लागि पालिकाकै गौरवको कार्यक्रमका **रुपमा उद्यमशिलतामा आधारित रोजगार सृजना कार्यक्रम** सञ्चालन गरिनेछ ।

३. शिक्षित, बेरोजगार युवा, महिला, विपन्न वर्ग, अपाङ्गता भएका व्यक्तिहरुमा रोजगारी र आत्मनिर्भरता बढाउनका लागि पालिकाकै गौरवको कार्यक्रम **उद्यमशिलतामा आधारित रोजगार सृजना कार्यक्रम** सञ्चालनका लागि बजेट विनियोजन गरिनेछ ।

४. उद्यमशिलता तालिम बेगर सिप सिकाई तालिममा सहभागि गराउने कार्यलाई निरुत्साहित गरिनेछ । हरेक सीप विकास तालिमलाई **उद्यमशिलतामा आधारित रोजगार सृजना कार्यक्रमको** मातहत ल्याइनेछ । उद्यमशिलतामा आधारित रोजगार सृजना कार्यक्रम सञ्चालनका लागि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका-२०७७ को व्यवस्था अवलम्बन गरिनेछ ।

५. **उद्यमशिलतामा आधारित रोजगार सृजना कार्यक्रम** मार्फत प्रत्येक वर्ष १ हजार जनालाई रोजगारी सृजना गर्ने गरी पञ्चवर्षिय उद्यम विकास रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६. व्यापक बजार पाउन सक्ने स्थानीय उत्पादनको पहिचान गरी बजार प्रबर्धनका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
७. पालिकामा रहेको उद्यम विकास शाखालाई व्यवस्थित गरी स्थानीय उद्यमीहरुलाई उद्योग व्यवसाय दर्ताको सहजिकरण गर्ने, कागजात तयार गर्ने कार्य उद्यम विकास शाखाबाट गर्ने व्यवस्था मिलाइनेछ । घरेलु तथा साना उद्योग कार्यालयसँग समन्वय गरी समय समयमा व्यवसाय दर्ता शिविर सञ्चालन गरिनेछ ।
८. पालिका क्षेत्रमा सञ्चालित बैंक तथा वित्तिय संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत पर्ने सहुलियत ऋण उपलब्ध गराउँदा पालिका क्षेत्रकै उद्यमीलाई प्रदान गर्न कडाई गरिनेछ । पालिका क्षेत्रका उद्यमीलाई पनि सहुलियत ऋण लिने प्रकृया सम्बन्धमा जानकार बनाउन बैंक तथा वित्तीय संस्थासँगको समन्वयमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।
९. शिक्षित बेरोजगार दर न्यून गर्नका लागि **पढ्दै जाउँ, कमाउँदै जाउँ** कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि माध्यमिक तह सञ्चालनमा रहेका विद्यालयसँग आवश्यक समन्वय गरिनेछ ।
१०. गरिब सँग विशेश्वर कार्यक्रमबाट हाल सम्म लाभान्वितको व्यवस्थित अभिलेख तयार गरिनेछ । गरिबी न्यूनिकरणमा उपयोगी मानिएको यो कार्यक्रमलाई प्राथमिकतामा राखि सञ्चालन गरिनेछ ।
११. गाउँपालिकामा औद्यौगिक मैत्री बातावरण श्रृजना गरि रोजगारी श्रृजना हुने क्षेत्रमालगानी गर्न लगानीकर्ताहरुका लागि लगानी मैत्री बातावरण श्रृजना गर्ने नीति लिईनेछ ।

## पर्यटन

१. समृद्ध कोशी निर्माणको अर्को महत्वपूर्ण आधार पर्यटन नै हो । पर्यटन क्षेत्रको विकास मार्फत रोजगारी वृद्धि गर्ने र आर्थिक विकासमा टेवा पुर्याउने उद्येश्यले पर्यटन क्षेत्रको विकासका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ ।
२. **कोशी टप्पु विश्वको सान, कोशी गाउँपालिका यसको ठाउँ** नारालाई व्यापक प्रचार प्रसार गर्दै कोशी टप्पुलाई केन्द्रित गरी आसपासका क्षेत्रमा होमस्टे सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
३. अन्तर्राष्ट्रिय/राष्ट्रिय पर्यटकलाई कोशि टप्पु घुम्न प्रोत्साहित गर्ने किसिमले Visit Package बनाउन Travels and Tours सँग सहकार्य गर्ने । राजधानी केन्द्रित ट्राभल्स एण्ड टुर्स कम्पनिहरु र स्टार होटलहरुलाई कोशी टप्पु विषयमा जानकारी गराउन अभिमुखिकरण कार्यक्रम गरिनेछ । वर्षमा सब भन्दा बढि पर्यटक पठाउने कम्पनी र होटललाई पुरस्कृत गर्ने नीति लिएको छु ।
४. कोशी टप्पु आसपासका क्षेत्रमा रहेका जातजाति मौलिक संस्कृतिलाई व्यापक प्रचार प्रसार गर्ने कार्यक्रम, महोत्सव, गोष्ठी आयोजना गरिनेछ ।

   जस्तै – फूड फेस्टिबल, साइकलिङ, बोटिङ, सांस्कृतिक कार्यक्रमहरु

५. गाउँपालिकाको विकास निर्माणका लागि थप श्रोत जुटाउन नगर विकास कोषबाट ऋण सहयोग लिई बजारीकरण तथा पर्यटन पार्कमा लगानी गरिनेछ ।
६. गाउँपालिका क्षेत्र भित्र रहेको चतरा भिमनगर चल्ने रेलको पुरानो डिब्बालाई सुरक्षित गरी भविष्यमा संग्रहालय स्थापना गरी राखिनेछ ।
७. स्थानीय उरावँ, सरदार, मलाहा लगायत जातजातिहरुको मौलिक संस्कृतिको संरक्षण र प्रबर्द्धनका लागि बहुजातिय संङ्ग्रहालयको स्थापना गरिनेछ । यसका लागि पर्यटन मन्त्रालय तथा पर्यटन विकास बोर्डसँग आवश्यक समन्वय गर्नका लागि प्राथमिकता दिइनेछ ।
८. कोशी करिडोरलाई बराहक्षेत्र नगरपालिका तथा धरान उपमहानगरपालिकासँग जोड्नेगरी भाण्टावारी देखि धरानको रेल्वेचौक सम्म पर्यटकीय बाटो विस्तारका लागि पहल गरिनेछ ।

## सहकारी

१. आर्थिक विकासका लागि सहकारीलाई महत्वपूर्ण आधारको रुपमा प्रयोग गर्न सहकारी प्रबर्धनको नीति लिएको छु । विपन्न वर्गको आर्थिक हित उन्नतीका लागि सहकारीमा आबद्ध हुन प्रोत्साहित गरिनेछ ।
२. पालिका क्षेत्रमा कृयाशिल सहकारीको सघन अनुगमन गरिनेछ । यस अघि भएका अनुगमनको समेत प्रतिवेदन र अब हुने अनुगमन प्रतिवेदनहरुलाई आधारमानी प्रचलित ऐन कानून बमोजिम सहकारी नियमनमा कडाई गर्ने नीति लिएको छु ।
३. विषयगत सहकारीहरुको कलष्टर निर्माण गरी नियमित सञ्चालनमा नरहेको सहकारीलाई म्याद तोकि मर्जरका लागि प्रोत्साहित गरिनेछ । सञ्चालनमा नरहेका सहाकरी खारेजीको प्रकृयामा लगिनेछ ।
४. पालिका क्षेत्रमा कृयाशिल कृषि सहकारीहरुलाई मल खाद्द बिक्रि कार्यमा मात्र समिति नगरी कृषि कार्यकै लागि सकृय हुने निर्देशित गर्ने नीति लिएको छु ।
५. विपन्न महिलाहरुको ठूलो संख्यामा आबद्धता रहेको कोशी महिला बचत तथा ऋण सहकारी र सप्तकोशी महिला बचत तथा ऋण सहकारीको संस्थागत क्षमता विकासका लागि अनुदान सहयोग गर्ने नीति लिएको छु ।
६. सहकारीमा आबद्द जनशक्ति र पदाधिकारीहरुको क्षमता विकासका लागि विभिन्न तालिम अवलोकन भ्रमण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
७. सहकारी गतिविधिलाई पारदर्शी र उद्येश्यमुलक बनाउन सहकारी समन्वय समितिलाई कृयाशिल बनाइनेछ । सहकारी समन्वय समितिसँगको समन्वयमा सहकारी दर्ता, नियमन र प्रबर्द्धर्न गर्ने कार्यलाई प्राथमिकता दिने नीति लिएको छु ।

**सामाजिक विकास सम्बन्धीः**

१. कोशी गाउँपालिकालाई भविष्यमा मानवताको गाउ) Village with Humanity (बनाउनका लागि पुर्ण सरसफाई युक्त, छुवाछुत मुक्त, पुर्ण साक्षारयुक्त, पुर्णखोपयुक्त, घरभित्रको धुवामुक्त, बाल बिबाह मुक्त, दहेज मुक्त जस्ता अभियानलाई निरन्तरता दिईनेछ ।

२. समाजमा विभिन्न कारणले पछि परेका वर्ग समुदायको हित्त एंव कल्याणका लागि गाउँपालिकाको कार्यक्रमहरु केन्द्रित हुनेछ । सामाजिक सुरक्षा भत्ता उपलब्ध नहुने वर्गका अपाङ्गता भएका व्यक्तिलाई पालिकाको तर्फबाट निशुल्क स्वास्थ्य बीमा सुविधा उपलब्ध गराइनेछ ।

३. पालिकाबाट सञ्चालन हुने कुनै गरिबी निवारणकृषि विकास लगायत कार्यक्रम आयोजनाहरुमा , ,जनजाति ,अल्पसङ्ख्यक ,एकल महिला ,दलित ,लाभग्राही छनौट गर्दा अपाङ्गता भएका व्यक्ति महिला लगायत समाजमा विपन्न एंव पछाडि परेका वर्गहरु लाई प्राथमिकतामा राख्रुपर्नेछ । महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

४. महिला बालबालिका तथा अन्य लक्षीत वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने खालका आयोजनाहरुलाई प्राथमिकता राखी कार्यान्वयन गरिनेछ ।

५. सामाजिक कुरितीको रुपमा रहेको बालबिवाह, बहुबिवाह, बोक्सी प्रथा, रुढीवाद, अन्ध विश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत् सचेतीकरण गरिनेछ ।

६. गाउँ क्षेत्रमा निर्माण हुने पुर्वाधार महिला मैत्री, वालमैत्री तथा अपाङ्गमैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

७. कोशी गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयस्तरमा, समुदायस्तरमा, वडास्तरमा र गाउँस्तरमा वालक्लब र वालसंजाल गठन गरि बाल सहभागिता अभिबृद्धि गरिनेछ ।

८. नवजात शिशु, बालबालिका गर्भवती तथा सूत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

९. शिशु जन्मेको ३५ दिन भित्र जन्म दर्ता गराउन आउदा शिशु पोषण खर्च वापद रु ।१०००. वडातहबाटै उपलब्ध गराउने ब्यबस्था कायमै राखिनेछ।

१०. बैंक मार्फत वितरण भई रहेको सामाजिक सुरक्षा भता सरल र सुबिधाजनकरुपमा उपलब्ध गराउन ध्यान दिईनेछ । सामाजिक सुरक्षाका लाभग्राहीहरुले बैंकबाट भत्ता बुझ्न पालिका र लाभग ,झेलिरहेका कठिनाई घटाउन बैंक्राही बिच समय समयमा टोल टोलमा अन्तरक्रिया सञ्चालन गरिनेछ ।

११. समाजिक अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुको भूमिका र योगदानलाई उच्च महत्व दिईनेछ । ज्येष्ठ नागरिकहरुको अवस्था विशेषको आधारमा तथ्यांक व्यवस्थित गरिनेछ

१२. ज्येष्ठ नागरिकहरुको दिनचर्यालाई सहज र सक्रिय बनाउन "ज्येष्ठ नागरिकः एक वडा एक मिलन केन्द्र"संचालन गरिनेछ । त्यसका लागि सबै वडामा जेष्ठ नागरिकहरुलाई संगठन गरि जेष्ठ नागरिक संजाल निर्माण गरिनेछ ।

१३. गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई सेवामा अग्राधिकार दिईनेछ । अपाङ्गता भएका व्यक्तिका नाममा घर नक्शा पास गराउँदाप्रतिशत छ० सिफारिश लिदा कर दस्तुरमा/उद्योग व्यवसायको दर्ता , छुट दिइनेछ ।

१४. अपाङ्गमैत्री ठाउ कोशीगाउँ बनाउनका लागि कार्ययोजना निर्माण गरी कार्यक्रम कार्यान्वय गरिनेछ। साथै अपाङताको प्रकृति अनुसारका सहयोगी सामानहरु बितरणगर्न रकम बिनियोजन गरिनेछ ।

१५. गाउँपालिकालाई सबै किसिमको विभेदमुक्त समाज निर्माण गर्ने नीति लिईनेछ । यसका लागि सकारात्मक विभेदको नीति समेत अवलम्ब गरिनेछ ।

१६. यौनिक लैगिंक अल्पसंख्यकहरुको मुलप्रवाहीकरणका लागि क्षमता अभिवृद्धि र आय आर्जनमा सहकार्य गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१७. युवावर्गलाई खेलकुदको माध्यमबाट स्वस्थ्य जीवनशैली र सृजनात्मक क्षमताको विकास र समाजको प्रतिष्ठा अभिवृद्धि गर्न प्रेरित गरिनेछ ।

१८. खेलकुदको विकासको लागि प्रत्येक बर्ष खेलकुद संघसंस्थाहरुको साझेदारीमा अध्यक्षकप खेलकुदको आयोजना गरिनेछ। जिल्ला तथा राष्ट्रिय स्तरमा राष्ट्रपति रनिङ शिल्ड तथा अन्य प्रतियोगिताहरुलाई लक्षित गरी माध्यमिक विद्यालयहरुमा खेलकुद प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

१९. छात्रा तर्फ प्रचुर सम्भावना रहेको कबड्डि खेलमा प्रोत्साहित गर्न जिल्ला कबड्डि संघ प्रदेश , कबड्डि संघ सँगको सहयोग तथा समन्वयमा **उपाध्यक्ष कप छात्रा कबड्डी प्रतियोगिता** सञ्चालन गरिनेछ ।

२०. हाल सञ्चालनमा रहेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ । आगामी आर्थिक वर्षमा कार्यक्रमलाई अपाङ्गता भएका व्यक्तिहरुको प्रोफाइल तयारीयक सहा , सामाग्री खरीद तथा वितरण र मोबाइल स्वास्थ्य कार्यक्रम मार्फत गर्भवति सुत्केरी दर्ता र नोटिफिकेशनमा केन्द्रित गरिनेछ ।

२१. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण विरुद्धको अभियानलाई निरन्तरता दिइनेछ ।भारतीय बोडरको नाका आसपासका बस्तीमा सचेतना अभियान सञ्चालन गरिनेछ ।

२२. बोडरमा रहेको सूचना केन्द्रलाई थप व्यवस्थित गरिनेछ । मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण अभियानलाई टेवा पुग्नेगरी यूवा श्रोत केन्द्रमा सहयोगस्टीक एण्ड स्टोक , तालिम सञ्चालन लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका लागि सहयोगी संस्था गि साझा मञ्च कोकसाझा सवालका लानसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

२३. मानव बेचबिखन अभियान निरन्तर सञ्चालन गर्न एउटा छुट्टै कोषको स्थापना गरिनेछ । जसका लागि विभिन्न सहयोगी संस्थासँग समन्वय गरिनेछ ।

२४. महिला हिंसा विरुद्धको शुन्य सहनशिलता नीति अवलम्बन गरिनेछ । हिंसा पिडितलाई उचित न्याय दिलाउनका लागि ओरेक नेपालसँगको साझेदारीमा सञ्चालित परियोजनालाई निरन्तरता दिइनेछ ।

२५. युवा वर्गमा बढ्दो कुलतको लत्तले भविष्यका कर्णाधारहरु आफ्नै भविष्यलाई अन्धकारमय बनाइरहेको वर्तमान सन्दर्भलाई मध्यनजर गर्दै परिवर्तनको अभियान नेपालसँगको सहकार्यमा सञ्चालित परियोजनालाई अझ प्रभावकारी ढंगले सञ्चालन गरिनेछ । उक्त संस्थासँगको सहकार्यमा विद्यालयमदर्शा तथा युवा क्लबहरुमा परिवर्तन आफैबाट अभियानलाई , प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

२६. महिला जनप्रतिनिधिहरुको क्षमता विकासका लागि CDWN सँगको सहकार्यमा महिला नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ । महिला वडा सदस्यहरुको नेतृत्व एंव क्षमता विकास गरी न्यायीक समितिको कार्यमा सहजिकरण गर्न सहयोग लिने नीति लिएको छु ।

२७. सामाजिक सेचितकरण सामाजिक अभियानहरुको कार्यान्वयन र किशोरीमैत्री विद्यालय , णमा सामाजिक जीवन केन्द्र नेपाल सँगको सहकार्यमा परियोजना सञ्चालन गरिनेछ ।निर्मा

२८. बालिका शिक्षालाई स्वस्थ्य, जोखिममुक्त र नियमित बनाउन **सुरक्षित भविष्यका लागि स्वस्थ्य किशोरी** भन्ने परियोजना सञ्चालन गरिनेछ ।यसका लागि ग्रामिण मिहला विकास संस्थासँग सहकार्य गरिनेछ ।

२९. पालिका क्षेत्रमा कार्यरत संस संस्थाहरुसँग समन्वय र नियमन गर्नका लागि कार्यविधि निर्माण गरि लागु गरिनेछ ।

३०. गाउँपालिका र विभिन्न संघ संस्थाहरुको सहकार्यमा संचालन हुने कार्यक्रमहरुको कार्यक्रम सम्पन्न प्रतिवेदन गाउँपालिकामा पेश गर्न अनिवार्य गरिनेछ । गैरसरकारी संघसंस्थाहरुसंगको सहकार्यलाई प्राथमिकता दिईनेछ । कोशीगाउँपालिका क्षेत्र भित्र कार्यक्रम संचालन गर्ने गै हरुका कार्यक्रम.सं.स.गाउँ सभामा अनिवार्य समावेश भएको हुनुपर्नेछ ।

३१. संघ संस्थाबाट सञ्चालन हुने कार्यक्रमहरु Overlap हटाउन र अति आवश्यक क्षेत्रमा हुनसक्ने Gap हुन नदिन आवश्यक प्रबन्ध मिलाइनेछ । पालिका क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुको कम्तिमा चौमासिक रुपमा समन्वय बैठक सञ्चालिन गरिनेछ ।

३२. सम्बन्धित क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुको कलष्टर बनाइने तर्फ संघ संस्थासँग समन्वय गरिनेछ ।

३३. गाउँ गाउँ टोल टोलका महिलाहरुलाई न्यायीक समितिमा पँहुच अभिवृद्धिका लागि प्रत्येक वडामा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. न्यायीक समितिको कार्यलाई प्रभावकारी बनाउन इजलासको निर्माण गरि शाखा व्यवस्थित गर्ने नीति लिएको छु ।

३५. न्यायीक समितिको क्षमता विकासका लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३६. गाउँ टोलमा महिला हिंसा न्यूनिकरण गर्न शान्त समाजको निर्माण गर्नका लागि कानूनि परामर्शका अभियानहरु सञ्चालन गर्ने नीति लिएको छु ।

३७. स्थानीय समुदाय विशेषका संस्कृतिलाई संरक्षण, विकास र प्रवद्र्धनमा प्रोत्साहन गर्ने नीति लिईनेछ ।

३८. गाउँपालिका क्षेत्रका विपन्न, दलित, अल्पसंख्यक परिवारका किशोर किशोरीको विवाहमाहुने फजुल खर्च घटाईदहेज प्रथा र महिला हिंसा न्यूनिकरण गर्न गाउँपालिकाको तर्फबाट वर्षमा २ पटक सामुहिक विवाह (मंसिर र वैशाख) कार्यक्रम आगामी बर्ष पनि यथावत कायम राखिएको छ।

३९. अति सिमान्तकृत वर्गमा पर्ने उरावँ समुदायको सँस्कृति जोगाउनका लागि आवश्यक सामाग्री उपलब्ध गराउने प्रबन्ध मिलाउनेछु ।

४०. संघीय सरकारसँगको सहकार्यमा एनवास राष्ट्रिय सूचना प्रणालीमार्फत तथ्यांक संकलन र विश्लेषण गरी खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजना तयार गरिने छ।

४१. प्रदेश सरकारसँगको सहकार्यमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको विस्तृत सर्वेक्षण गरी सोको आधारमा सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याइने छ।

४२. स्वच्छ खानेपानीमा सम्पूर्ण गाउँवासीको पहुच कायम गर्न अधुरा खानेपानी योजनाहरुलाई सम्पन्न गरि उपयोगमा ल्याईनेछ ।

४३. सञ्चालनमा आइसकेका खानेपानी ट्याङ्कीबाट पानी खाने बानीको विकास गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

## शिक्षा

१. आगामी आर्थिक वर्षलाई शिक्षा क्षेत्र सुधारका लागि कोषेढुङ्गा साबित हुनेगरी नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने नीति लिएको छु । शैक्षिक सुधारका लागि विद्यालय, वि.व्य.स., अभिभावक र अन्य सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरिनेछ । शैक्षिक संस्था सुधारका लागि लागु गरिने नीति कार्यान्वयनमा शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।

२. पालिका क्षेत्रको शैक्षिक गुणस्तर सुधारका लागि अध्यक्ष शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छु ।कार्यक्रमको प्रभावकारीताको लागि निर्देशिका निर्माण गरी लागु गरिनेछ ।

३. अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तरगत लामो दुरीको यात्रा गरि विद्यालय आउने विद्यार्थी संख्या अधिक रहेको विद्यालयहरुमा क्रमश पालिकाको तर्फबाट विद्यालय बसको व्यवस्था गरिनेछ । यसका लागि संघीय सरकार तथा अन्य निकायबाट पनि सहयोगको अपेक्षा सहित समन्वय गर्ने नीति लिएको छु ।

४. पालिका भित्र एक शैक्षिक हब निर्माण गर्ने नीति लिएको छु । पालिका अन्तर्गतका विद्यालयहरुलाई मापदण्डका आधारमा नमूना विद्यालयमा परिणत गरिनेछ ।

५. पालिका क्षेत्रको विद्यालय मदरसाको व्यवस्थित कार्यसञ्चालन गर्न गराउनका लागि गाउँ सभाको यसै अधिवेशनबाट कोशी गाउँपालिकाको विद्यालय/मदरसा कार्यसञ्चालन कार्यविधि जारी गरिनेछ ।

६. शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली अनुसारको योग्यता पुगेका शिक्षकहरु मध्येबाट प्रत्येक विद्यालयमा प्रधानाध्यापक नियुक्त गरिनेछ । प्रधानाध्यापक नियुक्त गर्दा कार्यसम्पदान सम्झौता अनिवार्य गर्ने र आवधिक रुपमा त्यसको मूल्यांकन गर्ने नीति लिएको छु ।

७. गाउँपालिकाभित्र सञ्चालित सम्पूर्ण शून्य दरबन्दीका विद्यालयहरुमा क्रमश दरबन्दि कायम गरी स्थायित्व दिने नीति लिएको छु ।

८. शिक्षक विद्यार्थी अनुपात १:५० का आधारमा विषयगत दरबन्दी मिलान गरी आवश्यक दरबन्दिको व्यवस्थाका लागि स्थानीय सरकारले आवश्यक सबै पहल गर्नेछ ।

९. चालु आर्थिक वर्षमा आधारभूत तहमा राहत तथा स्थायी दरबन्दिमा करारबाट शिक्षक पदपुर्ति भएको हुँदा पालिकाबाट करार सेवामा नियुक्त भएका प्रावि शिक्षकहरुको म्याद

थप गरिने छैन । विद्यालय अनुगमन संयन्त्रले सिफारिश गरेको आधारमा विद्यालयहरुमा थप जनशक्ति व्यवस्थापन गरिनेछ ।

१०. समय समयमा अभिभावक सचेतना कार्यक्रम, पाठ्यक्रमसँग सम्बन्धित रहेर शिक्षक तालिम, विद्यालय व्यवस्थापन समिति र शिक्षा समिति बिच अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११. अनुभव आदान प्रदान तथा गुणस्तरीय शैक्षिक वातावरण निर्माणका लागि शिक्षकहरुको अन्तरविद्यालय सरुवा गर्ने नीति उच्च प्राथमिकतामा राखेर लागु गरिनेछ ।

१२. माध्यमिक तहको विद्यालयमा कार्यरत विद्यालय कर्मचारी, लेखा सहायकको अन्तर विद्यालय सरुवा गरिनेछ ।

१३. पालका भित्रकै विद्यालयहरुमा विद्यालय कर्मचारी, लेखा सहायकको तलब भत्तामा भिन्नता देखिएको हुँदा नेपाल सरकारले तोकेको मापदण्ड अनुसार सबै विद्यालय कर्मचारी, लेखा सहायकको तलब भत्ता सुविधा समान बनाउने नीति लिएको छु ।

१४. आधारभूत तहमा अंग्रेजी माध्यमबाट कक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माणका लागि जोड दिइनेछ । मापदण्ड पुगाई अंग्रेजी माध्यम कक्षा सञ्चालन गर्ने विद्यालयलाई प्रोत्साहन गर्ने नीति लिएको छु ।

१५. विद्यालय अनुगमन संयन्त्र मार्फत प्रत्येक हप्ता विद्यालयको स्थलगत अनुगमन गरिनेछ । अनुगमन समितिका अतिरिक्त पालिका अध्यक्ष उपाध्यक्षबाट समेत महिनामा कम्तिमा २ पटक शैक्षिक संस्थाको अनुगमन गर्ने नीति लिएको छु ।

१६. डिजिटल एटेन्डेन्सलाई पुन प्रयोगमा ल्याई शिक्षकको कार्य अवधि क्रेडिट आवरका आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

१७. दिवास खाजा कार्यक्रम, पाठ्यपुस्तक र छात्रवृत्ति वितरण कार्यलाई व्यवस्थित गरिनेछ ।

१८. सामुदायिक बालिविकासहरुलाई विद्यालयमा गाभ्दै जाने नीति लिएको छु । बालविकासलाई मन्टेश्वरी मापदण्ड अनुसार सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार एंव शैक्षिक सामाग्रीका लागि बजेट विनियोजन गर्ने नीति लिएको छु ।

१९. बालविकास सहजकर्ताहरुलाई मन्टेश्वरी तालिम दिने व्यवस्था मिलाइनेछ ।

२०. सञ्चालनमा नरहेका बालविकासहरुलाई आवश्यक भएको अर्को स्थानमा स्थानान्तर गर्ने नीति लिएको छु ।

२१. विद्यार्थी संख्या नभएका विद्यालयहरुलाई गाभ्दै जाने नीति लिएको छु ।

२२. प्रत्येक विद्यालय मदरसालाई बार्षिक कार्यतालिका बनाई शैक्षिक सत्रको शुरुमै सार्वजनिक गर्ने र त्यसको व्यवहारिक कार्यान्वयनको लागि कडाई गरिनेछ ।

२३.शिक्षकलाई मासिक तलब भत्ता निकाशाको व्यवस्था गरिनेछ ।

२४. आन्तरिक श्रोत नभएका आधारभूत विद्यालयहरुमा कार्यालय सञ्चालन खर्च उपलब्ध गराउने अवधारणा ल्याएको छु । विद्यालयहरुले समयमै लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गर्ने नीति लिएको छु ।

२५. प्रत्येक विद्यालयमा सी.सी.टि.भी. जडान गरी पालिकासँग नेटवर्किङ गर्ने व्यवस्था मिलाउनेछु ।

## जन स्वास्थ्य प्रबद्र्धन सम्बन्धीः

१. कोशी गाउँपालिकालाई स्वास्थ्य सेवा मैत्री केन्द्रको रुपमा विकास गर्न यस क्षेत्रमा रहेका सबै स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकास र गुणस्तरीय सेवामा जोड दिईनेछ । निःशुल्क आधारभुत स्वास्थ्य सेवा सबै नागरिकको पँहुचमा पुर्याईने कार्यलाई निरन्तरता दिइनेछ ।

२. हाल सञ्चालनमा रहेका स्वास्थ्य चौकीहरुको संस्थागत सुदृढिकरण गरिनेछ । सामुदायिक स्वास्थ्य संस्थाको क्षमता बढाउँदै लगिनेछ । वडा नं.५ मा निर्माण भएको प्रसुती गृह अविलम्ब सञ्चालनका लागि बजेट विनियोजन गरिनेछ ।

३. सामुदायिक स्वास्थ्य इकाई र प्रसुति गृहमा आवश्यक संख्यामा स्वास्थ्यकर्मीको थप दरबन्दिका लागि संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

४. प्रसुति गृह र ल्याबबाट प्रदान हुने सेवाको गुणस्तरीयता कायम राख्नका लागि सबै प्रसुति गृह र प्रयोगशालामा छुट्टै व्यवस्थापन खर्च उपलब्ध गराइनेछ । उक्त व्यवस्थापन खर्चको खर्च योजना बनाई संस्थाको व्यवस्थापन गरी सेवा प्रभावकारी बनाउन सम्बन्धित प्रसुतिगृहको अनमी र प्रयोगशालाका कर्मचारीलाई जिम्मेवार बनाइनेछ । प्रसुतिगृह सञ्चालनमा रहेका अन्य स्वास्थ्य संस्थामा समेत प्रयोगशाला सञ्चालनका लागि प्रदेश सरकार स्वास्थ्य मन्त्रालयसँग समन्वय गरिनेछ ।

५. नेपाल सरकारको निशुल्क वितरणको सुचीमा रहेका औषधीहरु खरीद गर्दा प्रदेश सरकार र जिल्ला स्वास्थ्य कार्यालय सँग समन्वय गरी ताहाँबाट निशुल्क उपलब्ध नहुने औषधी मात्र खरीद गरिनेछ ।

६. पालिका क्षेत्रको स्वास्थ्य संस्थाबाट निशुल्क उपलब्ध गराउनुपर्ने औषधीहरु वर्ष भरी अटुट रुपमा उपलब्ध हुने सुनिश्चितताका लागि संयन्त्र निर्माण गरी कडा निगरानी गरिनेछ ।

७. पालिकाबाट खरीद गर्नुपर्ने औषधीहरु पटके रुपमा खरीद नगरी वर्षको शुरुमै इबिडिङको माध्यमबाट खरीद सम्झौता गरी मागको आधारमा समयमै गुणस्तरीय आपुर्ति गर्ने गरी व्यवस्था मिलाइनेछ ।

८. खरीद भएका गुणस्तरीय भण्डारणका लागि स्वास्थ्य मापदण्डका आधारमा व्यवस्थित भण्डारणको व्यवस्था गरिनेछ ।

९. पालिकामा रहेको पोर्टेबल भिडियो एक्सरे मेशिनको सदुपयोग गर्नका लागि प्रत्येक वडामा हप्तामा एक दिन सेवा दिने गरी जनशक्ति व्यवस्थापन गरिनेछ ।

१०. महिला स्वास्थ्य स्वंमसेविका सेवालाई थप प्रभावकारी बनाउन संचालन व्यवस्थापन निर्देशिका बनाई कार्यान्वयन गरिनेछ ।

११. स्वंयम सेविकाले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउन प्रत्येक स्वंयम सेविकालाई प्रदान गरिदै आएको मासिक रु.१५००। खाजा खर्चलाई आगामी आबमा पनि यथावत कायम गरिएको छ ।

१२. उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धी जनचेतना अभिबृद्धि गराउने र कालोबजारी नियन्त्रण, नियमित बजार अनुगमन गर्ने र आवश्यक मापदण्ड बनाई स्वच्छ खाद्यान्न किन्न पाउने उपभोक्ताको अधिकार सुनिश्चत गरिनेछ ।

१३. मासिक रुपमा ८० वर्ष भन्दामाथिका जेष्ठ नागरिकहरुको घरमै स्वास्थ्य परिक्षण गर्न स्वास्थ्य संस्थाहरुलाई मिति सहितको तालिका बनाई सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ । यस कार्यमा प्रत्येक स्वास्थ्य संस्थाको प्रमुखलाई खटाइनेछ ।

१४. गाउँपालिकाबाट प्रदान हुँदै आएको एम्बुलेन्स सेवा व्यवस्थित एंव प्रभावकारी बनाउँदै लगिनेछ । एम्बुलेन्स चालकलाई प्राथमिक उपचार सम्बन्धि तालिमको व्यवस्था गरिनेछ । एम्बुलेन्समा अतिआवश्यक प्राथमिक उपचारका सामाग्रि तथा अक्सिजन सिलिण्डरको व्यवस्था मिलाइनेछ । यसका लागि जिल्ला स्वास्थ्य कार्यालयसँग समन्वय गरिनेछ ।

## राजश्व परिचालन एवम् श्रोत अभिवृद्धिः

१. राजश्व असूली कार्यलाई पारदर्शी सरल र सूचना मैत्री बनाउन गाउँपालिकाका ८ वटै वडामा जडान गरिएको कम्प्यूटर सफ्टवेयरलाई अनलाइन नेटवर्किङ्ग गरिनेछ।जसबाट जुनसुकै समयमा राजश्वको अवस्था बारे सूचना प्राप्त गर्न सकिनेछ ।

२. कर प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउने सवालमा व्यापारी व्यवसायीहरुको प्रतिनिधिमुलक संस्था स्थानीय उद्योग वाणिज्य संघसंग सहकार्य र समन्वय गर्दै अगाडी बढने नीति लिइनेछ ।

३. कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरुलाईआफुले बुझाउनु पर्ने व्यवसाय करसाथै सो योजनाबाट चुक्ता गर्न अनिवार्य गरिनेछ। ,वहाल कर , लाभान्वीत उपभोक्ताहरुलाई पनि आफूले तिर्न बाँकी कर चुक्ता गर्न प्रोत्साहन गरिनेछ ।

४. यस गाउँपालिकाको स्वामित्वमा रहेका र पालिकाको संरक्षण र परिचालन गर्न सक्ने भवन जग्गा जमिनहाटबजार तथा अन्य भौतिक सम्पतिको अभिलेख अध्यावधिक गरी यसलाई , राजश्व आम्दानी गर्ने माध्यमका रुपमा परिचालन गरिनेछ । यस्ता श्रोतहरुको परिचालन गर्दा पारदर्शी प्रतिस्धपर्धात्मक पद्यतीको प्रकृयालाई अवलम्बन गरिनेछ ।

५. गाउँपालिकाबाट उपलब्ध गराइने सेवा सुविधाका कार्यहरुलाई राजश्व चुक्ता प्रणालीसंग आवद्ध गरिनेछ ।

६. गाउँपालिकाले उठाउने आन्तरिक राजश्व श्रोत तर्फको करशुल्कदस्तुर,को दर रेट नबढाइ सबै करदातालाई समेटी करको दायरा फराकिलो बनाई सामाजिक न्याय सुनिश्चित गरिने छ ।
७. कर दाताको सहभागीतालाई राजश्व अभिवृद्धि गरि कुल बजेटको अंशमा आन्तरिक आम्दानीको अंश प्रत्येक वर्ष वृद्धि गर्दै लगिने छ ।

## पूर्वाधार तथा भौतिक विकासः

१. अध्यक्ष स्थानीय सडककृषि सडक निर्माण कार्यक्रम सञ्चालन गरि सडक ,ग्रामीण सडक , पूर्वाधार निर्माणकार्यलाई पूर्णता दिने नीति लिएको छु ।
२. चालु आर्थिक वर्षमा पालिका क्षेत्रको अधिकांश सडक निर्माण कार्यको ठेक्का लागिसकेको हुँदा ठेक्का लागेका योजनाहरुमा बजेट विनियोजनका लागि प्राथमिकता दिने नीति लिएको छु ।नयाँ योजनामा बजेट विनियोजनका लागि दोश्रो प्राथमिकतामा राखिनेछ ।
३. **"हाम्रो सडक हाम्रो सहभागीता, स्तरीय सडक, हाम्रो प्रतिबद्धता"**भन्ने नारा अनुरुप गाउँका कच्ची सडकलाई कल्भर्ट, ह्युमपाईप सहित ग्राभेल सडकमा स्तरउन्नति गरिनेछ।
४. गत विगत सालका अधुरा क्रमागत योजनाहरुलाई अगामी आर्थिक वर्षमा पहिलो प्राथमिकता दिई पुरा गर्ने नीति लिएको छु ।
५. भु-उपयोग योजना, प्रकोप व्यवस्थापन योजना, सडक मापदण्ड,भवन निर्माण मापदण्ड शिघ्र तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।
६. उपभोक्ता, संघ, संस्था र समुदायको साझेदारीमा गाउँपालिकाको बजार क्षेत्रको मुख्य मुख्य सडकहरु कालोपत्र गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
७. गाउँपालिका क्षेत्रमा २० फिट भन्दा कम चौडाई भएका बाटोमा पालिका तर्फबाट मर्मत सम्भार तथा स्तरीकरण गर्न कुनै किसिमको लगानी नगर्ने नीति लिईनेछ ।
८. **"एक वडा एक खेल मैदान"**को अवधारणा अनुरुप गाउँपालिका क्षेत्रमा रहेका ऐलानी सार्वजनिक जग्गालाई संरक्षण गरी खेलकुद मैदान तथा पार्कका रुपमा विकास गरिनेछ ।
९. अव्यवस्थित हाटबजारलाई ब्यबस्थितढंगबाट संचालन गर्न आबस्यक भौतिक पूर्वाधारको ब्यबस्थापन गरिनेछ ।
१०. ठूला भौतिक विकासका कार्य गर्न प्रदेश सरकार, संघीय सरकार लगायत अन्य साझेदार सँग समन्वय गर्न प्राथमिकता दिने नीति लाई निरन्तरता दिईनेछ ।

११. अध्यक्ष ग्रामिण विधुतिकरण कार्यक्रम सञ्चालन गरी विधुतको पहुँचलाई शत प्रतिशत पुर्याइनेछ ।

१२. वडा नं.-४ मा व्यवस्थित अध्यक्ष वृद्ध स्याहार केन्द्र सञ्चालन गरिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापनः**

१. यस गाँउपालिकामा विपद व्यवस्थापनका लागिस्थापना गरिएको बिपद ब्यबस्थापन कोषलाई प्रत्येक वर्ष बृद्धि गरिदै लगिनेछ । कोषको संचालन र ब्यबस्थापनका लागि कार्यबिधि निर्देशिका बनाई लागु गरिनेछ ।

२. गाउँपालिकामा रहेको स्थानीय विपद व्यवस्थापन समितिलाई तालिम प्रदान गरि विपद पुर्व तयारी तथा प्रतिकार्य योजना र जोखीम न्युनिकरण तयारीको कार्ययोजना निर्माण गरिनेछ । भविष्यमा विपद न्युनिकरणको लागि पुर्वसुचना प्रणाली सम्बन्धी कार्यक्रम तर्जुमा गरि कार्यान्वयनमा ल्याईनेछ ।

३. आगलागी तथा बाढीका लागि उच्च जोखिममा रहेको यस पालिकामा नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्य समन्वयलाई प्राथमिकता दिईनेछ । रेडक्रस सोसाइटीको कोशी पालिका स्तरीय समितिलाई कृयाशिल बनाइनेछ । रेडक्रससँगको सहकार्यमा पालिका क्षेत्रमा सचेतिकरण कार्यक्रम सञ्चालन गरिनेछ । पालिकाको विपद व्यवस्थापन केन्द्रलाई सुदृढ बनाउन रेडक्रसको सहयोग बढाउन तर्फ समन्वय गरिनेछ ।

४. गाउँपालिकालाई वातावरण मैत्री हरित गाउको रुपमा विकास गर्न बृक्षारोपन तथा वनबुटानको संरक्षण गरि हरितगृह प्रभावलाई न्युनिकरण गर्ने निती लिईनेछ ।

५. विपदको अवस्थामा खोज तथा उद्धारको लागि विपद व्यवस्थापनमा कामगर्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय गरि स्वयंसेवक र उद्धार राहत सामग्रीहरुको भण्डारण र पुर्व तयारीको व्यवस्था मिलाईनेछ ।

६. यस गाउपालिका क्षेत्र भित्रका सामाजिक संघ संस्थासंग समन्वय गरि सर्बसाधारणका लागि भरपर्दो एम्बुलेन्स सेवा संचालन गरिनेछ ।

७. पालिकाका ८ वटै वडा कार्यालयहरुमा फोहरमैला सम्बन्धी नागरिक सचेतना कार्यक्रम संचालन र सबै वडाहरुमा वडा स्तरीय खानेपानी, फोहरमैला, स्वच्छता समन्वय समिति गठन गरि सक्रिय तुल्याईनेछ ।गाउँपालिका क्षेत्रमा संकलन गरिएको फोहोर व्यवस्थापनका लागि एक डम्पिङ साइड को व्यवस्था मिलाइनेछ ।

८. सार्वजनिक सडक, नाली र खुल्ला स्थानहरुमा फोहर फाल्नेलाई कानुन अनुसार कार्यवाहीगरि जरिवाना गरिनेछ ।

९. फोहर व्यवस्थापन तथा सरसफाई कार्यमा सार्वजनिक नीजि साझेदारी )p$^{3}$ को अवधारणा ( अनुसार सःशुल्क फोहर व्यवस्थापनको नीतिलाई अगाडी बढाईनेछ ।

## वितिय व्यवस्थापन सम्बन्धीः

१. गाउँपालिकामा रहेका मर्मत सम्भारकोष,विपत व्यवस्थापन कोषको उद्देश्य अनुसार रकम अभिवृद्धि गरि लक्षीत वर्गको हितमा बढि प्रतिफल प्राप्त हुने गरि परिचालन गर्ने नीति लिईनेछ ।
२. राजश्व संकलन लगायतका कार्यहरुहरु कम्प्यूटरको माध्यमबाट संचालन गरि सुचनाप्रविधिमैत्री बनाउन आवश्यक साधन उपलब्ध गराई क्षमता विकासको लागि तालिमकोव्यवस्था मिलाईनेछ।
३. कोशी गाउँपालिकाको नाममा रहेको कर्मचारी कल्याणकोषलाई अभिवृद्धि गरि कर्मचारीको हितमा बढी प्रतिफल प्राप्त हुने गरि परिचालन गर्ने नीति लिईनेछ ।
४. गाउँपालिकालाई आवश्यक पर्ने अफिस उपकरण, स्टेशनरी तथा मेशिनरी समानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त र ग्यारेण्टी भएका समानहरु मात्र खरिद गरिनेछ र स्वदेशी उत्पादनलाई प्राथमिकता दिनेछ ।
५. कार्यालयमा भएको साधन, मेशिन, उपकरणहरुको समयमै नियमित मर्मत सम्भार गर्ने, अधिकतम परिचालन गर्ने र श्रोत अभिवृद्धिमा समेत प्रयोग गर्ने नीति लिईनेछ ।
६. गाउँपालिका कार्यलयमा र वडा कार्यालयमा हुने बैठक सभा, भेलाहरुलाई मितव्ययितार छरितो बनाईनेछ
७. कार्यालयको तर्फबाट गरिने भ्रमण कार्यक्रमलाई मितव्ययि र प्रभावकारी बनाउन औचित्यको आधारमा भ्रमण आदेश दिने र भ्रमण पछि अनिवार्य रुपमा भ्रमण प्रतिवेदन पेश गर्न व्यवस्था मिलाईनेछ ।
८. यस गाउँपालिकामा भ्रष्टाचार शुन्य सहनशिलताको नीतिलाई अंगिकार गरिनेछ ।
९. गाउँपालिकाबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुमा वित्तिय जोखिम न्युनिकरण गर्नका लागि निर्माण तथा खरिद प्रक्रियाहरुलाई बढि प्रतिस्पर्धात्मक बनाउन विगत देखि प्रयोगमा ल्याईएको विधुतीय टेण्डर )E Tenderलाई अझ (ै प्रभावकारीरुपमा प्रयोग गरिनेछ।
१०. कार्यालयबाट योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा खरिद एवं वित्तिय क्रियाकलापसंग सम्बन्धित समिति तथा कार्यदल गठन गर्दा संम्भव भए सम्म पदाधिकारी तथा कर्मचारीहरु दोहोरो नपर्ने गरि राखिनेछ ।

११. आन्तरिक लेखा परिक्षण शाखाको स्थापना गरि आन्तरिक लेखा परिक्षणलाई प्रभावकारी बनाईनेछ।

**आदरणीय महानुभावहरु,**

अब म मैले प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट बिनियोजन र श्रोत ब्यबस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

क) आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न सामाजिक सुरक्षा बाहेक रु. ५७ करोड ८० लाखको कुल बजेट तर्जुमा गरेको छु ।

(ख) सामाजिक सुरक्षा भत्ता तर्फ खर्च हुने ११ करोड ५० लाखको छुटै अनुमान प्रस्तुत गरेको छु ।

(ग) आगामी बर्षका लागि माथि अनुमान गरिएको खर्च बेहोर्ने श्रोतहरु मध्ये निम्नानुसारको श्रोतबाट निम्नानुसार बजेट प्राप्त हुने अनुमान पेस गरेको छु ।

१। संघीय सरकार बितिय सामानीकरण – रु १५ कारोड १० लाख ।
२। संघीय सशर्त अनुदान - २० करोड ५८ लाख ।
३। संघीय विशेष अनुदान - २ करोड
४। संघीय समपुरक अनुदान – २ करोड
५। संघीय राजश्व बाँडफाँड – ११ करोड १ लाख १८ हजार ।
६। प्रदेश सामानीकरण – ८२ लाख ६० हजार ।
७। प्रदेश सशर्त अनुदान -१३ लाख ३० हजार ।
८। प्रदेश समपुरक अनुदान – १ करोड
९। प्रदेश वन रोयल्टी – १० लाख
१०। प्रदेश राजश्व बाँडफाँड सवारी – ४४ लाख ९२ हजार
११। प्रदेश राजश्व बाँडफाँड जग्गा रजिष्ट्रेशन – ६० लाख
१२। आन्तरिक आम्दानी – २ करोड
१३। सञ्चित कोष मौज्दात – २ करोड

**जम्मा - ५७ करोड ८० लाख ।**

**आदरणिय महानुभावहरु,**

मैले प्रस्तुत गरेको गाउँपालिकाको नीति कार्यक्रम बजेटबाट रोजगारी सृजनामा टेवा पुग्ने शिक्षा स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तन भई जनतामा सुशासनको अनुभुति हुने बिश्वास लिएको छु ।

अन्तमा,यो बार्षिक नीति कार्यक्रम तथा बजेट निर्माण गर्न महत्वपुर्ण सहयोग गर्नु हुने अध्यक्ष ज्यु, प्रमुख प्रशासकिय अधिकृत लगायत विषयगत समितिका सदस्य ज्यूहरु,राजश्व परामर्श समितिका पदाधिकारी ज्यूहरु, कार्यपालिकाका सम्पुर्ण सदस्य ज्यूहरु, गाँउसभा सदस्य ज्युहरु, गाँउपालिकाका सम्पुर्ण कर्मचारी साथीहरु एंव सरोकारवालाहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

तेसैगरी हाम्रो आमन्त्रणलाई स्वीकार गरेर महत्वपुर्ण सल्लाह सुझाबका लागि उपस्थित हुनु भएका हाम्रा प्रमुख अतिथि, बिशिष्ट अतिथि, अतिथि र सम्पुर्ण कोशी गाँबासीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु र आगामी आर्थिक बर्षका लागि पेस भएको बजेट नीति कार्यक्रम र यसैसंग सम्बन्धित आर्थिक बिधेयक, विनियोजन विधेयक उपर सघन छलफल गरि पारित गरिदिनु हुनेछ भन्ने बिश्वासकासाथ बिदा चाहन्छु ।

धन्यबाद !!

अनिता देवी यादव
उपाध्यक्ष

असार ६, २०७९